# नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, नेपाल लेखापरीक्षण सेवा र नेपाल संसद सेवा, श्रेणीविहीन पद, भारी र हलुका सवारी चालकको खुल्ला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

| परीक्षाको किसिम | परीक्षा प्रणाली | प्रश्नसंख्या | पूर्णाङ्क | उत्तीर्णाङ्क | समय |
|---|---|---|---|---|---|
| लिखित | वस्तुगत बहुउत्तर | २५ × २ | ५० | ४०% | २५ मिनेट |
| प्रयोगात्मक | सवारी चालन सम्बन्धी | | ५० | ५०% | |
| अन्तर्वार्ता | | | १० | | |

<u>द्रष्टव्य</u>

(१) पाठ्यक्रममा भएका यथासम्भव सबै पाठ्यांशहरुबाट प्रश्न सोधिनेछ ।

(२) गल्ती गरेको उत्तरको लागि २० प्रतिशत अंक कट्टा गरिनेछ ।

(३) यस पाठ्यक्रममा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्क्रममा परेको सम्झनु पर्दछ ।

(४) यो पाठ्यक्रम मिति २०५९।६।१८ गतेदेखि लागू हुनेछ ।

## लिखित परीक्षाको पाठ्यक्रम

### (क) सुरक्षित यातायात पूर्णाङ्क १६

१. सवारी चलाउँदा साथमा राख्नु पर्ने कागजपत्र
   - १.१. सवारी चालक अनुमती पत्र
   - १.२. सवारी दर्ता प्रमाण पत्र
   - १.३. प्रदूषण मुक्त प्रमाण पत्र (तोकिएका सडकको लागि)
   - १.४. बाटो इजाजत पत्र
   - १.५. सवारी जाँचपास प्रमाणपत्र
   - १.६. यात्री सूची (लामो दूरीको बस र मिनिबसका लागि)
   - १.७. यात्री बीमा (लामो दूरीको बस र मिनिबसका लागि)
   - १.८. तेश्रो पक्ष बीमा

२. सवारी चालकको अवस्था
   - २.१. स्वस्थ
   - २.२. नथाकेको
   - २.३. राम्ररी देख्न सक्ने
   - २.४. रक्सी तथा लागू पदार्थ सेवन नगरेको

३. सवारी चलाउँदा ध्यान दिनुपर्ने
   - ३.१. सवारी सडकको वायाँ तर्फ चलाउने

  ३.२. सकभर वायाँ साइड च्याप्ने
  ३.३. अन्य सडक प्रयोगकर्ताले बुझ्ने संकेत दिने
  ३.४. उपयुक्त गतिमा सवारी चलाउने
  ३.५. ट्राफिक चिन्ह तथा संकेतको पालना
  ३.६. हर्नको सकभर कम प्रयोग

४. पदयात्रुको ख्याल राख्ने
  ४.१. स्कूल तथा बजारमा कम गतिमा चलाउने
  ४.२. जेब्रा क्रसिङ्ग माथि कहिल्यै गाडी नरोक्ने
  ४.३. जेब्रा क्रसिङ्गमा पदयात्रु भएमा सवारी रोकी पदयात्रुलाई जान दिने

५. सवारी साधन रोक्ने ठाउँ
  ५.१. तोकिएको ठाउँमा मात्र
  ५.२. जेब्रा क्रसिङ्गको १५ मीटर दुबै तर्फ नरोक्ने
  ५.३. सडकको एकदम छेउ च्यापेर रोक्ने
  ५.४. मोडमा, पुलमा र सिंगललेन सडकमा नरोक्ने

६. उछिन्ने (ओभरटेक) कार्य
  ६.१. सँधै दायाँ बाट
  ६.२. उछिन्न लागेको सवारीबाट पर्याप्त दूरी राख्नु पर्ने
  ६.३. अरुले उछिन्न लाग्दा गति बढाउन नहुने
  ६.४. उछिन्न लाग्ने दूरी सम्मको सडक पुरै देख्न सक्ने अवस्थामा
  ६.५. उछिन्न निषेधित क्षेत्रमा सडक खुला भएपनि उछिन्न हुँदैन
  ६.६. जेब्राक्रसिङ्ग भएको ठाउँमा उछिन्न हुँदैन

७. चोकहरुमा सवारी चलाउँदा ध्यान दिनुपर्ने
  ७.१. गन्तब्य अनुसारको लेनमा बस्ने
  ७.२. उचित संकेतको प्रतिक्षा गर्ने
  ७.३. गोल घुम्तीमा दायाँबाट आउने सवारीलाई प्राथमिकता दिने
  ७.४. आफ्नो भन्दा पछाडिका सवारीलाई उपयुक्त संकेत दिने
  ७.५. चोकबाट बाहिर निस्कने बाटोमा नरोकिने र सकभर छिटो चलाउने

८. राती सवारी चलाउँदा ध्यान दिनु पर्ने
  ८.१. हेडलाइटको कोण मिल्नु पर्ने
  ८.२. विपरीत दिशाबाट सवारी आउँदा बत्ती अधुरो गर्ने
  ८.३. सूर्यास्त देखि सूर्योदयसम्म, भारी बर्षा र कुहिरो भएको समयमा हेडलाइट बाल्नै पर्ने
  ८.४. अन्य सवारीको पछि पछि जाँदा हेडलाईट मधुरो पार्ने
  ८.५. विपरीत दिशाको हेडलाइटले आँखा तिरमिराए गति कम गरी रोक्ने

९. सवारी पछाडि हटाउँदा ध्यान दिनु पर्ने
  ९.१. पछाडि पदयात्रु भएको / नभएको हेर्ने
  ९.२. साना बालकहरु वरपर भएको / नभएको हेर्ने
  ९.३. झ्यालबाट टाउको बाहिर ननिकाली रियर-भ्यू मिररको सहायताले सवारी पछाडि हटाउने
  ९.४. ब्याक लाइटको प्रयोग

९.५. शाखा सडकबाट कहिल्यै मूल सडकतर्फ सवारी पछाडि हटाउनु हुँदैन

१०. सवारीको भार

१०.१.सवारी साधनको कानूनी अधिकतम भार

१०.२.सामान सुरक्षित रुपमा राख्ने तरिका

१०.३.सवारीको बढी भारको असरहरु

१०.४.सवारीको लम्बाई, सिट क्षमता

११. सवारी बिग्रँदा

११.१.पार्क गर्ने उपयुक्त ठाउँ

११.२.अन्य सवारी साधनलाई संकेत

१२. अन्य सडक प्रयोगकर्तालाई ध्यान दिनु पर्ने

१२.१.पदयात्रु

१२.२.साइकल

१२.३.मोटरसाइकल

१२.४.सानो सवारी साधन

१२.५.जनावर

१३. दुर्घटना परेमा गर्ने कार्यहरु

१३.१.अन्य सवारीलाई संकेत

१३.२.ट्राफिक नियन्त्रण

१३.३.इञ्जिन बन्द गर्ने

१३.४.चुरोट निभाउने

१३.५.प्रहरी र एम्बुलेन्सलाई खबर

१३.६.प्राथमिक उपचार

**(ख) ट्राफिक ज्ञान** **पूर्णाङ्क १४**

१. प्रहरीले दिने हातको संकेत

१.१.अगाडिबाट आइरहेको सवारी रोक्ने

१.२.पछाडिबाट आइरहेको सवारी रोक्ने

१.३.अगाडि र पछाडिबाट आइरहेको सवारी रोक्ने

१.४.अगाडिबाट आइरहेको सवारी जाने

१.५.छेउबाट आइरहेको सवारी जाने

१.६.छेउबाट आइरहेको सवारी रोक्ने

२. ट्राफिक चिन्ह

२.१. आदेशमूलक चिन्हहरु

२.२. चेतावनीमूलक चिन्हहरु

२.३. जानकारीमूलक चिन्हहरु

३. सडक रेखाहरु

३.१. लम्बाई भागका रेखाहरु

३.२. सडक छेउका रेखाहरु

३.३. चौडाई भागका रेखाहरु

३.४. पदयात्रुले बाटो काट्ने ठाउँ जनाउने रेखाहरु

४. ट्राफिक बत्तीका संकेतहरु
  ४.१. रोक्ने संकेत
  ४.२. जाने संकेत
  ४.३. स्टपलाइन पार गरेमा जाने नत्र रोक्ने संकेते
  ४.४. निर्देशित दिशातर्फ मात्र संकेत
५. ऐनाको प्रयोग
  ५.१. रियर-भ्यू मिररको प्रयोग
  ५.२. साइड-भ्यू मिररको प्रयोग
६. हर्नको प्रयोग
  ६.१. संयमित प्रयोग
  ६.२. प्रेसर हर्न प्रयोग गर्न नहुने
७. उछिन्ने कार्य
  ७.१. उछिन्ने गाडीलाई वायाँ पारेर उछिन्ने
  ७.२. उछिन्न असुरक्षित ठाउँहरु
  ७.३. अन्य सवारीहरुसँगको दूरी
८. मोडहरु लिने
  ८.१. दायाँ मोड्ने
  ८.२. बायाँ मोड्ने
  ८.३. पूरा मोड्ने
९. लेन अनुशासन
  ९.१. उपयुक्त लेनमा चलाउने
  ९.२. बत्ती संकेत भएको चोकमा रोकिने लेन
१०. प्राथमिकता
  १०.१. गोल घुम्तीमा
  १०.२. बत्ती संकेत भएको चोकमा
  १०.३. मूल सडकमा
  १०.४. प्राथमिकता प्राप्त सवारीहरु

**(ग) यान्त्रिक ज्ञान** **पूर्णाङ्क २०**

१. परिचय :
  १.१. सवारीको फ्रेम तथा चेसिसको भिन्नता बारे जानकारी
  १.२. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अनुसारको यात्रुवाहक सवारीको वर्गीकरण
    १.२.१. बस
    १.२.२. मिनिबस
    १.२.३. जीप, भ्यान, पिकअप र माइक्रोबस
    १.२.४. कार र ट्याक्सी
    १.२.५. टेम्पो
    १.२.६. मोटरसाइकल र स्कूटर

- १.३. सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ अनुसारको मालवाहक सवारीको वर्गीकरण
  - १.३.१. ट्रक तथा टैकर
  - १.३.२. मिनि ट्रक
  - १.३.३. पावर टिलर
  - १.३.४. पिकअप
- १.४. सवारीको तौलको आधार
  - १.४.१. हलुका सवारी
  - १.४.२. भारी सवारी

२. इन्जिन :
- २.१. पेट्रोल इन्जिन चल्ने तरिका
- २.२. डिजेल इन्जिन स्टार्ट हुने र चल्ने तरिका
- २.३. विभिन्न किसिमका इन्धनहरु र त्यसबाट हुने प्रदूषणका बारेमा परिचयात्मक जानकारी
- २.४. स्पार्क प्लगको काम :
  - २.४.१. स्पार्क प्लगमा हुन सक्ने त्रुटीहरु
  - २.४.२. टु-स्ट्रोक वा फोर-स्ट्रोक इन्जिनमा कुन चाहिंले बढी प्रदूषण गर्छ, सो बारे ज्ञान
- २.५. गाडी हाँक्दा कुन अवस्थामा सबभन्दा बढी प्रदुषण हुन्छ सो बारे जानकारी
- २.६. मोबिल पुरानो भयो वा कम भयो भने इन्जिनमा हुनसक्ने विकृति बारे ज्ञान

३. क्लच :
- ३.१. काम र परिचय
- ३.२. त्यसमा आउनसक्ने त्रुटीहरु र समाधानका उपायहरु

४. गियर :
- ४.१. काम र परिचय
- ४.२. त्यसमा आउनसक्ने त्रुटीहरु र समाधानका उपायहरु

५. फ्लाई ह्वील (Fly wheel)
- ५.१. काम वा प्रयोजन

६. प्रोपेलर शाफ्ट (Propeller shaft)
- ६.१. यसको काम
- ६.२. यसबाट बढी आवाज आयो भने के गर्ने, निराकरणको उपाय सम्बन्धी ज्ञान र जानकारी

७. डिफ्रेन्सियल (Differential)
- ७.१. काम, प्रयोजन
- ७.२. यसमा प्रयोग गर्ने तेल (Oil) बारे जानकारी

८. एक्सेल (Axle)
- ८.१. काम
- ८.२. यो कसरी चाँडै भाँचिन्छ र यसलाई जोगाउन गाडी कसरी चलाउनु पर्छ भन्ने बारे जानकारी

९. ब्रेक (Brake)

९.१. प्रयोजन
९.२. किसिम :
९.२.१. हाइड्रोलिक ब्रेक (Hydraulic brake)
९.२.२. मेकानिकल ब्रेक (Mechanical brake)
९.२.३. एअर ब्रेक (Air brake)
९.३. पार्किङ्ग  ब्रेक, सर्भिस ब्रेक र इमरजेन्सी ब्रेक आदि बारे छोटकरी ज्ञान
९.४. समयानुसार ब्रेक लाइनिङ्ग फेर्नुपर्ने कारण बारे जानकारी
१०. टायर (Tyre)
१०.१. प्रयोजन
१०.२. टायरको साइज बारे जानकारी
१०.३. टाायर भित्र हावाको चाप बारे ज्ञान
१०.४. अगाडि, पछाडि चक्कामा चाप फरक राख्नका कारणहरु
११. स्टियरिङ्ग (Steering)
११.१. प्रयोजन
११.२. स्टयरिङ्ग फ्रि प्ले भन्नाले बुझ्नुपर्ने कुरा र यसको आवश्यकता बारे ज्ञान
११.३. टाइरडको काम
१२. इग्निसन प्रणाली (Ignition System)
१२.१. यसबारे छोटो जानकारी
१२.२. पेट्रोल र डिजेल इन्जिनको गाडीमा हुने यसको त्रुटीबारे जानकारी
१३. रेडियटर र पंखा (Radiator & Fan)
१३.१. यसको प्रयोजन
१३.२. फ्यान बेल्ट कहिले फेर्नु पर्छ सो बारे ज्ञान
१३.३. रेडियटरमा कस्तो किसिमको पानी फेर्नु उचित हुन्छ र कहिले कहिले पानी थप्नु पर्दछ
सो बारे छोटकरी ज्ञान
१४. ब्याट्री (Battery)
१४.१. प्रयोजन
१४.२. भोल्ट (Volt) बारे छोटकरी ज्ञान
१४.३. एम्पियर आवर (Amp. hr.) भन्नाले ब्याट्रीमा यसको प्रभाव बारे जानकारी
१४.४. ब्याट्रीमा के राख्ने :
१४.४.१. पानी
१४.४.२. डिष्टिल पानी
१४.४.३. तेजाव र पानी कहिले कहिले राख्नु पर्छ सो बारे बिस्तृत जानकारी
१४.५. धेरै दिनसम्म गाडी नचलाइकन राख्न परे ब्याट्रीको लागि के गर्नुपर्छ सो बारे जानकारी
१४.६. ब्याट्री चार्ज गर्ने र गर्नुपर्ने बारे राम्रो जानकारी
१४.७. ड्राइ ब्याट्री र वेट ब्याट्री (Dry and Wet Battery) को भिन्नता बारे छोटो ज्ञान
१४.८. ब्याट्रीको सामूहिक संभार बारे ज्ञान
१५. सवारी मर्मत बारे छोटो जानकारी :

१५.१. दैनिक मर्मत
१५.२. गाडी चलेको आधारमा गरिने मर्मत
१५.३. ओभरहल (Overhaul)
१५.४. यी माथिका मर्मत संभार, तिनको आवश्यकता तथा फाइदा बारे बिस्तृत जानकारी

**नमूना प्रश्न**

१. ट्राफिक संकेतबत्ती भएको चोकहरुमा सवारी चलाउँदा कुन काम गर्न हुँदैन ?

(क) पछाडिका सवारीलाई उपयुक्त संकेत दिने (ख) उचित संकेतको प्रतिक्षा गर्ने
(ग)बत्ती पहेंलो हुनासाथ नरोकिने र छिटो चलाउने (घ) गन्तब्य अनुसारको लेनमा बस्ने

२. राती सवारी चलाउँदा के गर्नु पर्दछ ?

(क) विपरीत दिशाबाट सवारी आउँदा बत्ती मधुरो गर्ने
(ख) सडकको बीचबाट चलाउने
(ग) हेडलाइटलाई विपरीत दिशाको सवारीको भन्दा चहकिलो गरी संकेत दिने
(घ) बस्तीहरुमा हेडलाइट माथि गर्ने

३. सवारी साधन रोक्न हुने ठाउँ कुन हो?
(क) P चिन्ह राखिएको ठाउँ (ख) चिन्ह राखिएको ठाउँ
(ग) जेब्रा क्रसिङ्ग माथि (घ) पुलमा

४. सडक बीचमा लामो र नकाटिएको धर्का छ भने त्यहाँ के गर्न हुन्छ ?
(क) अन्य सवारीलाई उछिन्न (ख) यू–टर्न गर्न
(ग) सवारी एकै छिन रोक्न (घ) धर्का नछोइ सवारी चलाउन

५. ह्याण्ड ब्रेकले के नियन्त्रण गर्दछ ?
(क) अगाडिका दुई पाङ्ग्राहरु (ख) पछाडिका दुई पाङ्ग्राहरु
(ग) स्टेयरिङ्ग (घ) क्लच

**प्रयोगात्मक परीक्षा** **पूर्णाङ्क ५०**

अभ्यास १: राजमार्गमा कम्तीमा ५ कि. मी. को दूरीसम्म चलाउने (१५)
- प्रति घण्टा ६० कि. मी. भन्दा कम गतिमा एकनासले चलाउने
- गियरहरु आवश्यकता अनुसार बदल्ने
- ढिलो चलिरहेका गाडीहरुलाई उपयुक्त ठाउँमा उछिन्ने
- आफू भन्दा छिटो गाडीहरुलाई सुरक्षित तरिकाले साइड दिने

- गाडी रोक्ने, यू-टर्न गर्ने, ब्याक गर्ने र फिर्ता चलाई ल्याउने

अभ्यास २: शहरी सडकमा कम्तीमा ५ कि. मी. चलाउने (१५)

- प्रति घण्टा ४० कि. मी. भन्दा कम गतिमा एकनासले चलाउने
- गियरहरु आवश्यकता अनुसार बदल्ने
- कम्तिमा ३/३ वटा दायाँमोड (right turn), वायाँमोड (left turn) र पुरामोड (U–turn) लिने
- उपलब्ध भएमा ट्राफिक संकेत (traffic Signal) भएको चोकबाट भएर गाडी चलाउने

अभ्यास ३ : उकालोमा पार्क गर्ने र पुनः चलाउने (१०)

- सडकको किनारा लगाएर सवारी रोक्ने
- इग्निसन बन्द गर्ने
- इग्निसन पुनः चालु गर्ने र सवारी अगाडि बढाउने

अभ्यास ४: ग्यारेज पार्क गर्ने (१०)

- नियन्त्रित तरिकाले सवारी हाँक्ने
- ब्याक गरी सवारी चलाउने र ग्यारेजको तोकिएको ठाउँमा लगेर पार्क गर्ने ।

-------------------------